आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं. ०८३/०८४
च.नं. ४३८

मिति: २०८३/०८/०७

श्री सम्वन्धित सबै,
आमाछोदिङमो गाउँपालिका, रसुवा।

विषय:बाढी प्रभावित बालबालिका तथा विद्यार्थीहरूका लागि शैक्षिक सहयोगसम्बन्धी सूचना प्रकाशन सम्बन्धमा।

उपरोक्त सम्बन्धमा, भोटेकोशी-त्रिशूली नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा जिल्लाका विभिन्न स्थानीय तहका समुदाय, परिवार तथा बालबालिकाहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। विशेषगरी बाढीका कारण बालबालिकाको शैक्षिक निरन्तरतामा परेको असरलाई न्यूनीकरण गर्दै उनीहरूको उच्च शिक्षामा (स्नातक तह) पहुँच तथा निरन्तरता सुनिश्चित गर्ने उद्देश्यले U-GO Nepal को सहयोग तथा रूडेक नेपालको सहजीकरणमा बाढी प्रभावित बालबालिका तथा विद्यार्थीहरूका लागि विशेष शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गर्न लागिएको हुँदा तोकिएको कार्यक्रम अन्तर्गत निर्धारित मापदण्ड पूरा भई शैक्षिक सहयोग कार्यक्रमको लागि योग्य र ईच्छुक विद्यार्थीहरूले मिति २०८३/०८/१४ गते भित्र U-Go नेपालले तयार गरेको आवेदन फारम भरी आफ्नो स्थायी बसोवास भएको वडा कार्यलय वा शिक्षा युवा तथा खेलकुद शाखामा आवेदन पेश गर्न हुन अनुरोध छ। साथै आवेदन फारामको लागि तलको QR कोड वा वडा कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ।

आवेदन फारामको लागि लिङ्क:

https://drive.google.com/file/d/1nRwUVmZsvJpGt9mZUHC43L-K7gm3c64Z/view?usp=sharing

पेस गर्नुपर्ने कागजातहरू:

- U-Go नेपालले तयार गरेको आवेदन फारम।
- आवेदकको हालसालै खिचिएको पासपोर्ट साईजको २ प्रति फोटो।
- आवेदकको जन्मदर्ता प्रमाणपत्र/नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
- सबैभन्दा नजिकको अभिभावक तथा संरक्षकको नागरिकताको प्रमाणपत्र प्रतिलिपी
- सम्भव भए सम्म बाढीले क्षति गरेको घरको फोटो र पारिवारिक फोटोको प्रतिलिपी
- बाढीबाट प्रभावित भएको वडा कार्यालयको सिफारिस पत्र
- विद्यार्थी हाल अध्ययनरत कलेजमा शुल्क तिर्न बाकी भएमा (सम्बन्धित कलेजको सिफारिस पत्र)
- उत्तीर्ण गरेको तह वा कक्षाको ग्रेडसिट वा लब्धाङ्क पत्र,
- निज विद्यार्थी वा अभिभावकको बैंक खाता विवरण (चेकको फोटोकपी र प्यान कार्ड),
- अपाङ्गता भए व्यक्तिको परिचय पत्र,
- आमा, बुवा वा मुख्य आयआर्जनकर्ताको मृत्यु भएमा मृत्युदर्ताको प्रतिलिपी

सादर अवगतार्थ:

श्रीमान् गाउँपालिका प्रमुखज्यू,
श्रीमान् गाउँपालिका उपप्रमुखज्यू,

बोधार्थ:-

- श्री वडा कार्यालयहरू सबै, आमाछोदिङमो गाउँपालिका,रसुवा- त्यहाँ वडा भित्र स्थायी बसोवास भई तोकिएको रित पुगेका व्यक्तिको यथार्थ विवरण सहितको तोकिएको नमुना फारम अनुसारको निवेदन सङ्कलन गरी मिति २०८३/०८/१६ गते भित्र शिक्षा युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा फाईल उपलब्ध गराईदिन हुन अनुरोध छ।

.....
विष्णु राई
प्रमुख प्रशासकीय अधिकृत

www.aamachhodingmo.gov.np
प्रमुख प्रशासकिय अधिकृत: 9766430600

Email: aamachhodingo@gmail.com
प्रशासन तथा राजश्व शाखा: 9766430602

CamScanner